# "चौतारा साँगाचोकगढी नगरपालिका मिनि कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०७९"

**स्वीकृत मिति : २०७९/०४/३१ गते**

**प्रस्तावना :**

चौतारा साँगाचोकगढी नगरपालिका भित्र मिनि कोल्ड स्टोर सुविधाको अभावले उत्पादित कृषि उपजको समयमा कृषकहरुले लागत मुल्य समेत प्राप्त गर्न नसकेकोमा सर्वसुलभ र ब्यवस्थित पद्धतिबाट बिक्री वितरण हुन नसक्दा ठुलो परिमाणमा कृषि उपजहरु खेर जाने गरेकोले त्यस्ता कृषि उपजहरु उच्च उत्पादनको समयमा भण्डारण गर्ने तथा उपभोक्ताहरुको माग अनुरुप बिक्री वितरण हुने अवस्था सिर्जना गर्ने उद्देश्यले मिनिकोल्ड स्टोर निर्माण भै उक्त मिनि कोल्ड स्टोर संचालनमा ल्याउन आवश्यक भएकोले यस चौतारा साँगाचोकगढी नगरपालिका भित्रका सहकारी/समुह/व्यवसायिक फर्म/कम्पनीसँग सहकार्य गरी संचालन गर्ने उद्देश्यका साथ "मिनि कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०७९" तयार गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम "चौतारा साँगाचोकगढी नगरपालिका मिनि कोल्ड स्टोर सञ्चालन कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि यस नगरपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यक्रम" भन्नाले मिनि कोल्ड स्टोर सञ्चालन कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

(ख) "भौतिक पुर्वाधार" भन्नाले मिनि कोल्ड स्टोरका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार-भवन, विजुली, पानी, सडक तथा मेसिनेरी औजारहरु सम्झनु पर्छ ।

(ग) "मिनि कोल्ड स्टोर" भन्नाले विभिन्न कृषिजन्य उपजहरु बाली, पशुजन्य पदार्थ, माछा, तरकारी, फलफुल आदिको भण्डारणका लागि मल्टि-चेम्वर, एन्टिग्रेशन युक्त प्राविधिक रुपमा उपयुक्त मिनि कोल्ड स्टोर गृह सम्झनु पर्छ ।

(घ) "कृषि उपज" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफुल तरकारी माछा मासु जस्ता मिनि कोल्ड स्टोरको आवश्कता पर्ने वस्तुलाई सम्झनु पर्दछ ।

(ङ) "निजी क्षेत्र" भन्नाले निजि व्यवसायीबाट कम्पनी रजिष्ट्रारको कार्यालय वा चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा दर्ता भएको कम्पनी, समुह, सहकारी सम्झनु पर्दछ । सो शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

(च) "सहकारी सस्था " भन्नाले प्रचलित कानुन बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

(छ) "समुह भन्नाले" दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर निश्चित उद्देश्य राखी नगरपालिकामा दर्ता भएको समुह सम्झनुपर्दछ ।

३. कार्यक्रमको उद्देश्य : यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

३.१ यस नगरपालिका भित्रका कृषकहरुले उत्पादन गरेको पशु जन्य पदार्थ र कृषि उपजहरुको गुणस्तर संरक्षण गरी उत्पादनोपरान्त क्षति न्युनिकरण तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउने ।

३.२ माग अनुरुप निश्चित परिमाणमा इच्छुक उपभोक्ता, खुद्रा व्यापारी र थोक व्यापारीलाई आवश्यक कृषि उपज सहज रुपमा उपलब्ध गराई, बजारीकरणमा टेवा पुऱ्याउने ।

३.३ कोल्ड स्टोर सुविधाको विकास मार्फत यस नगरभित्रका कृषकहरुलाई बजारको माग अनुरुप लक्षित बाली वस्तुहरुको थप उत्पादनका लागि प्रोत्साहन गर्ने ।

३.४ कोल्ड स्टोर संचालनबाट संस्थाको प्राविधिक एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गराउने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

***सूचना प्रवाह तथा प्रस्ताव आव्हान : सूचना प्रवाह तथा प्रस्ताव आव्हान देहाय बमोजिम हुनेछ :-***

क. कार्यालयले प्रचलित नियमानुसार प्रक्रिया पुऱ्याई अनुसुची १ अनुसार ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

ख. प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावना सहित अनुसुचि २ मा उल्लेखित बुँदाहरु समेटि प्रस्ताव पेश गर्नुपर्नेछ ।

४. प्रस्ताव छनौटका आधारहरु : कार्यक्रम संचालन प्रस्ताव छनौटका आधारहरु देहाय बमोजिम हुनेछ :-

४.१ यो कार्यक्रम चौतारा साँगाचोकगढी नगरपालिका मिनि कोल्ड स्टोर संचालन अन्तर्गत नगरपालिकाबाट निर्मित तथा नगरपालिका सँगको साझेदारीमा निर्माण गरिएका चिस्यान केन्द्र समेत यसै कार्यविधि अनुरुप संचालन हुने छन् ।

४.२ संस्थाको कार्यानुभव

४.३ लाभान्वित हुन सक्ने समुदाय

४.४ सहकार्य

४.५ जनशक्ति

४.६ रोजगारी

४.७ नगरलाई बुझाउने भाडा रकम

४.८ पर्न आएका प्रस्तावहरु छनौट गर्न निम्नानुसारको छनौट समिति गठन हुनेछ ।

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत अधिकृत |
| सदस्य | प्रशासन शाखा प्रमुख |
| सदस्य | सहकारी शाखा प्रमुख |
| विज्ञ सदस्य | आवश्यकता अनुसार |
| सदस्य सचिव | सम्बन्धित शाखा प्रमुख |

५. कार्यक्रम कार्यान्वयन :- यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछ :-

५.१ यस मिनि कोल्ड स्टोर संचालन कार्यमा प्रयोग हुने विजुलीको बिल रकम र व्यवस्थापन खर्च संचालन गर्ने सहकारी/समुह/व्यवसायीक फर्म स्वयंले तिर्नुका साथै संचालनका लागि आवश्यक पूर्वाधारहरुको व्यवस्था पनि स्वयंले गर्नुपर्दछ ।

५.२ मिनि कोल्ड स्टोर संचालनका लागि सूचना प्रकाशन गर्दा कार्यालयले न्युनतम अंक निर्धारण गरी सोही बमोजिम  सूचना प्रकाशनको व्यवस्था मिलाउनेछ ।

अनुसुची -१

( दफा ७ सँग सम्बन्धित )

<u>प्रस्ताव आह्वानको सूचना</u>

प्रथम पटक प्रकाशित मिति :

चौतारा साँगाचोकगढी नगरपालिकाद्वारा निर्माण गरिएको मिनिकोल्ड स्टोर संचालन गर्न इच्छुक समुह/सहकारी/व्यवसायी फर्म/टोल विकास समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>तपशिल</u>**

१) संस्थाको स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि /कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

३) पुर्ण रुपमा भरिएको प्रस्ताव पत्र

४) लेखा परिक्षण प्रतिवेदन

५) आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

६) प्रस्तावकले कवोल गरेको अंक

अनुसुची -२
(दफा-७ सँग सम्बन्धित )
प्रस्तावना पत्र

**क**). प्राविधिक प्रस्ताव :

१. प्रस्तावित कार्यक्रमको नाम :

२. कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना :

३. आवेदकको नाम:

४.ठेगाना:

५. आवेदकको सम्पर्क टेलिफोन नं, फ्याक्स नं, मोबाइल नं :

६. आवेदकको इमेल ठेगाना :

७. आवेदक संस्थाको दर्ता नं :

८.दर्ता भएको निकाय र दर्ता मिति :

९. भ्याट/प्यान दर्ता नम्बर :

१०. प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु :

११. प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकम रु :

१२. प्रस्तावित कार्यक्रमको उद्देश्य :

१३. प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या :

१४. लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या :

- पुरुष :
- महिला :
- दलित :
- जनजाति :
- अन्य :

१५) प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरण :

- 
- 
- 

१६) कार्यक्रम समाप्ती पश्चात् अपेक्षित उपलब्धीहरु (बुँदागत रुपमा खुलाउनु पर्नेछ )

-
-
-

१७)प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने

| **प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना** | **सहकार्य हुने रकम रु.** |
|---|---|
| | |
| | |

१९) प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेल खाने भएमा)

- ❖
- ❖
- ❖
- ❖

२०) प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधि समेत खुलाउने

| अनुभव तथा तालिमहरु | अवधि |
|---|---|
| | |
| | |
| | |

२१) प्रस्तावकसँग विद्यमान जनशक्ति विवरण :

| जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधि |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्या | | |

२२) आर्थिक प्रस्ताव :

| प्रस्तावित उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मुख्य मुख्य क्रियाकलापहरु | इकाई | परिमाण | प्रति एकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | प्रस्तावकले व्यहोर्ने रकम रु. | नगरपालिकाको तर्फबाट |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| भ्याट रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौ । कहीँ कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु /छौ ।

| प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नाम : | |
| पद : | |
| हस्ताक्षर : | |
| मोवाइल नं मिति : | |
| संस्थाको छाप : | |

**अनुसुची ३**
**(दफा -८ सँग सम्बन्धित )**

**सम्झौता–पत्र**

**चौतारा साँगाचोकगढी नगरपालिका र......................(दोस्रो पक्ष) बीच मिनि कोल्ड स्टोर संचालन गर्ने सम्बन्धमा भएको**

**सम्झौता पत्र**

चौतारा साँगाचोकगढी नगरपालिकादारा निर्माण गरिएको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ५ स्थित मिनि कोल्ड स्टोर संचालन तथा व्यवस्थापन गर्न चौतारा साँगाचोकगढी नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको) र यस नगरपालिका वडा नं. ..... स्थित श्री ....................(यसपछि दोस्रो पक्ष भनिएको) का बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी मिनि कोल्ड स्टोर संचालन तथा व्यवस्थापन गर्नका लागि यो सम्झौता गरिएको छ ।

**शर्तहरु**

१. दोस्रो पक्षले पेश गरेको प्रस्ताव पत्र बमोजिमको कार्यहरु संचालन गर्नु पर्नेछ ।

२. सम्झौता भएको मिति देखि मिनिकोल्ड स्टोरको संचालन, मर्मत संभार, व्यवस्थापन, विजुलीको रकम दोस्रो पक्षले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

३. बुँदा नं २ अनुसारको रकम मासिक रुपमा बुझाउनु पर्नेछ र समयमै उक्त रकम नबुझाई जरिवाना परेमा उक्त जरिवाना वापत्को रकम दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।

४. प्रथम पक्षले समय समयमा मिनिकोल्ड स्टोर संचालको अनुगमन गर्नेछ र सम्झौता वमोजिम नभएमा कारवाही गर्न सक्नेछ ।

५. मिनिकोल्ड स्टोरमा दोस्रो पक्षले अनिवार्य रुपमा कार्य विवरण देख्न सकिने बोर्ड राख्नुपर्नेछ ।

६. कार्यक्रम संचालनको दौरान वा सम्पन्न भए पश्चात् संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

७. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणमा प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. पहिलो पक्षले मिनिकोल्ड स्टोर परीक्षण गरी दोस्रो पक्षलाई हस्तान्तरण गर्नेछ ।

९. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि तथा प्रचलित कानुन अनुसार हुनेछ ।

११. किसानबाट संकलित कुहिने अवस्थामा रहेको तरकारीको मुल्य यस नगरपालिकाको मुल्याङ्कन समितिले मुल्याङ्कन गरे अनुसार पहिलो पक्षले दोस्रो पक्षलाई अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिनिकोल्ड स्टोर संचालन सम्बन्धी कार्यविधि, २०७९ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. यो सम्झौता मिति ........................... देखि लागु भई .......................... सम्म कायम हुनेछ । साथै आगामी आर्थिक वर्षहरुका हकमा कार्य प्रगति र पहिलो पक्षको सहमतिमा सम्झौता मिति नवीकरण गर्दै जान सकिनेछ ।

१४. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षबाट सरकारी बाँकी-वक्यौता सरह असुल उपरको प्रकृया अगाडी बढाउनेछ ।

| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फवाट** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : |
| कार्यालय : चौतारा साँगाचोकगढी नगरपालिका | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |
| मिति : | मिति : |

साक्षीहरु :

१. ...................

२. ................